## श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह
## लमही नगरपालिका वडा नं.,९, दाङ्ग
## खयर काठ बोलपत्रद्वारा लिलाम बिकी सम्बन्धीको विस्तृत सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः- २०८२/०९/२३

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०७३/०७४ मा नियमानुसार संकलन गरी समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको खयर काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलामा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकिशत गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमती प्राप्त गरी संचालनमा रहेका स:मील, उद्यमी/काष्ठको कारोवार गर्ने डिभिजन वन कार्यालयमा सूचिकृत फर्महरुले यो सूचना नयाँ यूगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपिसल

१. लिलाम सम्बन्धि वन पैदावारको विवरण

| लट नं. | प्रजाती | गोलिया थान | ईकाइ | परिमाण(क्यू.फि.) | न्यूनतम मूल्य रु. | संकलन खर्च |
|---|---|---|---|---|---|---|
| १ | खयर | ६०४ | क्यू.फि. | ७३२.९७ | ७३२९७०/- | ११७२७६/- |

२. बोलपत्र खरिद कार्य डिभिजन वन कार्यालय दाङ्ग(देउखुरी) र यस समूहको कार्यालयबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रति बोलपत्र फारम रु.१०००/- यस समूहको कृषि विकास बैंक लमही शाखा दाङ्गमा रहेको यस समूहको खाता नं. ०९१९००५६६५७६६०१० मा दाखिला गरेको बैंक भौचर वा यस समूहमा रकम तिरेको नगदी रसिद निवेदन/पत्र तथा उद्यम सम्बन्धि आवश्यक कागजात संलग्न गरी कार्यालय समय भित्र खरिद गर्न सकिनेछ र सो दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न सकिनेछ ।

३. गोप्य शिलबन्दी बोलपत्र दाखिला कार्य मिति २०८२/१०/१४ गते १२:०० बजे भित्रमा तथा तोकिएको म्याद भित्र जुनसुकै दिन यस समूहको कार्यालयमा गर्न सकिनेछ र बोलपत्र दाखिलाको दिन बिदा परेमा कार्यालय खुलेको दिनमा तोकिएको समय भित्र दाखिला गर्न सकिनेछ ।

४. सकारकर्ताले सकार रकममा संकलन खर्च सूचना तथा बोलपत्रमा उल्लेख भए बमोजिम थप रकम बुझाउनु पर्नेछ ।

५. बोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उद्यमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोबार दर्ता प्रमाण पत्र, कारोबारको पान भ्याट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नयाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा बोलपत्रमा सकार मूल्यको १०% ले हुने रकम यस समूहको कृषि विकास बैंक लमही शाखा दाङ्गमा रहेको माथि उल्लेखित खातामा दाखिला गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।अन्यथा बोलपत्र मूल्याङ्कनमा समावेश गरिने छैन ।

६. लिलाम बढावढ हुने वन पैदावार कार्यालय समय भित्र घटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालबस्तु जे / जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्नेछ ।

७. रित पूर्वक पर्न आएको बोलपत्रहरु २०८२/१०/१४ गते दिनको २:०० बजे उपभोक्ता समूहको कार्यालयमा सब डिभिजन वन कार्यालय तथा स्थानिय तह, सरकारी कर्यालयको रोहवरमा खोलिनेछ ।

८. खोलिएका बोलपत्रहरु नियमानुसार मूल्याङ्कन गरी लिलाम स्वीकृत भई डिभिजन वन कार्यालय दाङ्ग(देउखुरी) बाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धी कर तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी मालबस्तु उठाई लैजानु पर्नेछ ।अन्यथा नियमानुसार हुनेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिलाई हुनेछ ।

११. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

अव्यवस्थित बसोबासीहरुलाई जग्गाको सरकारसँग कुरा राखिसकेका छौं । भूमिहीनहरुलाई पुर्जा दिन्छौं ।

## दूधको....

किसानलाई उचित मूल्य दिने काम भइरहेको छ ।' हाल उक्त केन्द्रमा तीन सय १० जना किसानले दैनिक रूपमा दूध विक्री गर्दै आएका छन् । यो अवधिमा कुल ९४ लाख ३० हजार रुपैयाँ बराबरको दूध बिक्री भएको छ । सहकारीमार्फत् दूध बिक्री गर्दा किसानले प्रतिलिटर २२ रुपैयाँका दरले अतिरिक्त मूल्य पाएका छन् । यसरी किसानले जम्मा २५ लाख ३० हजार रुपैयां अतिरिक्त आम्दानी गर्न सफल भएका छन् । पहिले बजारमा न्यून मूल्यमा दूध बिक्री गर्नुपर्ने बाध्यता रहेकोमा सहकारीको माध्यमबाट निश्चित र उचित मूल्य पाउन थालेपछि किसान उत्साहित भएका छन् । सहकारीले बजार सुनिश्चित गरिदिदा किसानको आम्दानी बढ्नुका साथै दुग्ध व्यवसायप्रति आकर्षणसमेत बढ्दै गएको छ ।

### दूधमा सफलता

गढवा गाउँपालिकाले दूध संकलन र बजारीकरणमा सफलता प्राप्त गरेको छ। गढवा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास साझेदारी परियोजनामार्फत गत साउन महिनामा दूध संकलन केन्द्र स्थापना गरिएको थियो । जसबाट दूधको बजारीकरणमा सफलता मिलेको गाउँपालिकाका अध्यक्ष वमनारायण पोखेलले बताउनुभयो । 'दध उत्पादन हुने तर त्यसको राम्रो बजारको अभाव थियो । त्यसमा पनि उचित मूल्य नपाउने अवस्था थियो । हामीले दूधको बजारीकरणका लागि संकलन केन्द्र खोल्ने निर्णय गऱ्यौं । स्थापना पनि भयो । अहिले दूधको बजारीकरणमा समस्या छैन । मुल्यमा पनि किसान सन्तुष्ट हुनुहुन्छ'- गाउँपालिकाका अध्यक्ष पोखेलले भन्नुभयो- 'यस भन्दा अघि खसीबोकाको पनि बजारीकरण गऱ्यौं । तरकारीको पनि बजार स्थापना छ । दूधको बजारमा पनि सफलता मिलेको छ ।'


### सुकुम्वासीलाई मौका

बस्न र खेती गर्न उपयुक्त चिसो हावापानी भएको लमही न.पा.-१ सितलापुरमा रहेको १ बिगाहा १० कट्ठा जग्गामा खेती गर्ने आफै खाने र अन्य केही शर्तमा खेती गर्ने मेहनती किसानले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८५७८४०२४१

राधेश्याम गुप्ता



# श्री बेलघारी सामुदायिक वन उपभोक्ता समूह

राजपुर-७ भित्रीसिक्टा, दाङ

## काठ/दाउरा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८२।०९।२३ गते

डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं. ७२७ मिति २०८२।९।१४ गतेको आदेश अनुसार यस श्री बेलघारी सामुदायिक वन उपभोक्ता समूह राजपुर गा.पा.-७ भित्री सिक्टा दाङ (देउखुरी) को आ.व. २०८१/०८२ मा संकलन गरी घाटगद्दी गरी राखिएको साल, असना, कर्मा, जामुन, सिरिस, कुसुम, बोटधाइरो, धौटी, आँप, सादन, कुम्भी, प्यार, वर्रो र जंगली सिसौ प्रजातिको गोलिया काठ थान ५३० को ४८६८.१४ क्यु फिट काठ र साल जातको दाउरा ५.२५ चट्टा र मिश्रित जातको दाउरा ५.७५ चट्टालाई बाह्य लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म कम्पनी काठ व्यवसायीमा आधारित कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र फाराम खरिद गरी २२ औं दिनमा पेश गर्नुहुन यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना समूहको सूचनापाटीमा वा समूहमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

अध्यक्ष



# श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. ४ चिराघाट, दाङ

## गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८२।०९।२३ गते

श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गाउँपालिका वडा न. ४ चिराघाट, दाङको बनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं. ४ समूह भवन परिसर, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया काठ थान २६१ को १०९२.३१ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगतै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष



# श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह

लमही-९, अमिलिया, दाङ

## काठ/दाउरा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८२।०९।२३ गते

डिभिजन वन कार्यालय दाङ (देउखुरी)को च.नं. ८०२ मिति २०८२/०९/२० गतेको आदेश अनुसार यस श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह लमही न.पा.-९ दाङ देउखुरीको आ.व. २०७३/०७४ र २०७४/०७५ मा कटान गरी घाटगद्धी गरी राखिएको खयर गोलिया काठ थान ६०४ को ७३२.९७ क्यूफिट काठलाई वाह्य लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म कम्पनीले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र फाराम खरिद गरी २२ औं दिनमा पेश गर्नुहुन यो २१ दिने सूचना प्रकाशन गरिएको छ। विस्तृत सूचना समूहको सूचनापाटीमा वा समूहमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

अध्यक्ष



नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध नि
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा काय